केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४११४०७
फ्याक्स : ४१४५५२
E-mail : <bkpromot@htp.com.np>
Web Sites : www.nrb.org.np
टेलिग्राम : “रावा”
टेलेक्स : २२०७ रावा एनपी
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक

## बैंक तथा वित्तीय संस्था नियमन विभाग

पत्र संख्या : बै.वि.नि.वि./नीति/परिपत्र/१७/०६५/६६ मिति : २०६५/०७/११

**इजाजतपत्रप्राप्त सम्पूर्ण वाणिज्य बैंक तथा वित्तीय संस्थाहरु,**

महाशय,

यस बैंकबाट इजाजतपत्रप्राप्त वाणिज्य बैंक (“क” वर्ग), विकास बैंक (“ख” वर्ग) र वित्त कम्पनी (“ग” वर्ग) बाट प्रत्यक्ष रुपमा निम्न शर्तहरुको अधीनमा रही अस्पताललाई प्रवाह हुने कर्जालाई विपन्न वर्ग कर्जामा गणना गर्ने व्यवस्था कायम गरिएको हुँदा सोही अनुसार गर्नु/गराउनु हुन नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ७९ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी यो निर्देशन जारी गरिएको छ।

(क) मुनाफा वितरण नगर्ने कम्पनीको रुपमा त्यस्तो अस्पताल सम्बन्धित निकायमा दर्ता भएको हुनुपर्ने ।

(ख) सम्बन्धित बैंक/वित्तीय संस्थाले यस प्रयोजनका लागि आफ्नो प्राथमिक पूँजी (Core Capital) को बढीमा ५ प्रतिशत सम्मको कर्जा रकम मात्र प्रवाह गर्न सक्ने ।

(ग) सम्बन्धित अस्पतालले नेपाल सरकारको सम्बन्धित निकायबाट संचालन स्वीकृति प्रदान गरिंदा तोकिएका सम्पूर्ण शर्तहरुको पूर्ण पालना गरेको हुनुपर्ने ।

(घ) सम्बन्धित अस्पतालले आफ्नो कूल शैया क्षमताको न्यूनतम १० प्रतिशत शैया निःशुल्क रुपमा विपन्न वर्गका जनताहरुलाई उपलब्ध गराउने गरी आवश्यक व्यवस्था मिलाएको हुनुपर्ने ।

(ङ) माथि खण्ड (क) देखि (घ) सम्म उल्लेखित शर्तहरु पुरा भएको यकीन गरेर मात्र सम्बन्धित बैंक तथा वित्तीय संस्थाले कर्जा प्रवाह गरेको हुनु पर्ने ।

भवदीय,

(रामहरी न्यौपाने)
उप–निर्देशक

**बोधार्थ :**

१. श्री नेपाल सरकार, अर्थ मन्त्रालय (आ.का.वि तथा नि.वि. महाशाखा)।
२. श्री नेपाल राष्ट्र बैंक, बैंक सुपरिवेक्षण विभाग ।
३. श्री नेपाल राष्ट्र बैंक, वित्तीय संस्था सुपरिवेक्षण विभाग ।
४. श्री नेपाल राष्ट्र बैंक, विदेशी विनिमय व्यवस्थापन विभाग ।
५. श्री नेपाल राष्ट्र बैंक, लघुवित्त विभाग ।
६. श्री नेपाल राष्ट्र बैंक, कानून महाशाखा ।
७. श्री नेपाल राष्ट्र बैंक, बैंकिंग कार्यालय, थापाथली तथा जिल्ला स्थित कार्यालयहरु ।
८. श्री नेपाल बैंकर्स संघ, हेरिटेजप्लाजा, काठमाण्डौं ।
९. श्री विकास बैंक तथा वित्तीय संस्था संघ नेपाल, बबरमहल, काठमाण्डौं ।
१०. श्री नेपाल वित्त कम्पनी संघ, वागदरवार, विजनेस कम्प्लेक्स, काठमाण्डौं ।